# थारू आयोग सम्बन्धी संक्षिप्त जानकारी




थारू आयोग, नेपाल

# थारू आयोगका पदाधिकारी



**माननीय बिष्णु प्रसाद चौधरी**
अध्यक्ष



**माननीय सुबोध सिंह थारू**
सदस्य



**माननीय भोलाराम चौधरी**
सदस्य



**माननीय डा. उमाशंकर प्र. चौधरी**
सदस्य



**माननीय शान्ती मोदी**
सदस्य



**कृष्णकान्त उपाध्याय**
सचिव

# थारू आयोग सम्बन्धी संक्षिप्त जानकारी

थारू आयोग, नेपाल

# थारू आयोग

**नेपाल**

**काठमाडौं–२९ अनामनगर**
**टोल फ्रि नं. : १६६००१५७०००**
**फोन नं. ५७०५११८, ५७०५११९**

पत्र संख्या २०७८/७९
चलानी नं.

## आयोगको भनाइ

नेपालको संविधानको भाग २७, धारा २६३ मा थारू आयोग रहने व्यवस्था गरिएको छ। जसमा एक जना अध्यक्ष र चार जनासम्म सदस्य रहने उल्लेख छ। अध्यक्ष तथा सदस्यको योग्यता, पद रिक्त हुने अवस्था, पारिश्रमिक र सेवाका शर्तहरू र आयोगको काम कर्तव्य र अधिकार संघीय कानून बमोजिम हुने व्यवस्था गरिएको छ। जस अनुसार थारू समुदायको इतिहास र संस्कृतिको पहिचान, हक, हितको संरक्षण र सम्वर्द्धन तथा थारू समुदायको सशक्तीकरण गर्नका लागि आवश्यक व्यवस्था गर्न थारू आयोग ऐन, २०७४ जारी भएको छ।

मिति २०७५ साल कार्तिक २५ गते संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालयले आयोगमा सचिव लगायत कर्मचारी खटाएपछि आयोगको कार्यालय स्थापना भई संचालनमा आएको हो। हाल आयोगमा ५ जना पदाधिकारीहरू नियुक्ति भई पूर्णता पाएको छ। यसै सन्दर्भमा आयोगको गतिविधिलाई थप प्रभावकारी बनाउन आवश्यक देखिएको छ।

त्यसैले आयोगको कामकारवाहीलाई लक्ष्य उन्मुख बनाउन आयोगको बारेमा थारू समुदाय र सरोकारवालाहरूलाई बढिभन्दा बढि जानकारी गराउन आवश्यक छ। यसै सन्दर्भमा यस आयोगले **थारू आयोग सम्बन्धी संक्षिप्त जानकारी** पुस्तिका प्रकाशन गरेको छ। यसमा मुख्यतः आयोगको काम, कर्तव्य र अधिकार तथा जनशक्तिको अवस्था र हालसम्म सम्पादित गतिविधिहरू बारे जानकारी समावेश गरिएको छ। जसले गर्दा आयोगको कामकारवाहीलाई पारदर्शी, जनमुखी र उत्तरदायी बनाउनुका साथै आम नागरिकलाई सुसूचित तुल्याउन सहयोग पुग्ने आयोगको विश्वास रहेको छ।

यस कार्यको लागि प्रकाशनमा सहयोग पुर्‍याउनु हुने जुरी नेपाललाई विशेष धन्यवाद दिन चाहन्छौं। धन्यवाद।

**थारू आयोग, काठमाडौं**

## १. पृष्ठभूमिः

नेपालको इतिहासमा राष्ट्रिय मानव अधिकार आयोगका अलावा पहिलोपटक थप सातवटा अधिकारमुखी अन्य आयोगहरूलाई संवैधानिक निकायको रूपमा व्यवस्था गरिएको छ। नेपालको संविधानको भाग २७ मा धारा २५२ देखि २६५ सम्म अन्य आयोगहरूको शीर्षक अन्तर्गत राष्ट्रिय महिला आयोग, राष्ट्रिय दलित आयोग, राष्ट्रिय समावेशी आयोग, आदिवासी जनजाती आयोग, मधेसी आयोग, थारू आयोग र मुस्लिम आयोगको व्यवस्था गरिएको छ। थारू समुदायको इतिहास र संस्कृतिको पहिचान, हक, हितको संरक्षण र सम्बर्धन तथा समुदायको सशक्तीकरणका लागि आवश्यक व्यवस्था गर्न तथा नेपाल सरकारलाई आवश्यक सुझाब दिन र सिफारिस गर्नका लागि थारू आयोगको गठन गरिएको छ। संविधानको व्यवस्था अनुसार गठन भएको यस आयोग नयाँ रहेको र यस आयोगका बारेमा थारू समुदाय, सरोकारवाला पक्ष र आम नेपाली समाजमा पर्याप्त जानकारी गराई एक आपसमा समन्वय र सहकार्य गर्दै लक्ष्य प्राप्त गर्न आवश्यक छ। त्यसैले यस आयोगबारे बढि भन्दा बढि जानकारी गराउने उद्देश्य राखी यस पुस्तिका प्रकाशन गरिएको छ।

## २. परिचयः

नेपालको संविधान बमोजिम गठन भएका १३ वटा संवैधानिक निकाय मध्ये थारू आयोग एक हो। संविधानको धारा २६३ मा नेपालमा एक थारू आयोग रहने व्यवस्था गरिएको छ। आयोगमा अध्यक्ष र चार जनासम्म सदस्यहरू रहने व्यवस्था गरिएको छ। थारू आयोगका अध्यक्ष तथा सदस्यको योग्यता, पद रिक्त हुने अवस्था, पारिश्रमिक र सेवाका शर्तहरू र आयोगको काम कर्तव्य र अधिकार संघीय कानून बमोजिम हुने व्यवस्था गरिएको छ। जस अनुसार थारू समुदायको इतिहास र संस्कृतिको पहिचान, हक, हितको संरक्षण र सम्वर्द्धन तथा थारू समुदायको सशक्तीकरण गर्नका लागि आवश्यक व्यवस्था गर्न थारू आयोग ऐन, २०७४ जारी भएको छ। आयोगले मूलतः थारू समुदायको विविध पक्षको अध्ययन अनुसन्धान गर्ने, थारू सम्वद्ध नीति निर्माणका लागि नेपाल सरकार समक्ष सिफारिस गर्ने तथा सुझाव दिने, सरकारद्वारा संचालित नीति तथा कार्यक्रमको समीक्षा, अनुगमन तथा मूल्याङ्कन गर्ने र समुदायको सशक्तीकरणका लागि चेतनामूलक कार्यक्रम सञ्चालन लगायतका कार्य गर्ने गर्दछ।

## ३. आयोगको काम, कर्तव्य र अधिकारः

थारु आयोग ऐन, २०७४ को दफा ७ बमोजिम आयोगको काम, कर्तव्य र अधिकार निम्न बमोजिम रहेको छ :-

क) थारू समुदायको समग्र स्थितिको अध्ययन गरी तत्सम्बन्धमा गर्नु पर्ने नीतिगत, कानूनी र संस्थागत सुधारका विषयमा नेपाल सरकार समक्ष सिफारिस गर्ने ।

ख) थारू समुदायको हक हितको संरक्षण र सम्वर्द्धन तथा त्यस्तो समुदायको सशक्तीकरणका लागि राष्ट्रिय नीति तथा कार्यक्रमको तर्जुमा गरी कार्यान्वयनका लागि नेपाल सरकार समक्ष सिफारिस गर्ने ।

ग) थारू समुदायको हक हितको संरक्षण र सम्वर्द्धन तथा त्यस्तो समुदायको सशक्तीकरणको सम्बन्धमा भएका व्यवस्था प्रभावकारी रूपमा कार्यान्वयन भए नभएको विषयमा अध्ययन अनुसन्धान गरी प्रभावकारी कार्यान्वयन गर्न चाल्नु पर्ने कदमका सम्बन्धमा नेपाल सरकारलाई सुझाव दिने ।

घ) थारू समुदायको हक हितको संरक्षण र सम्वर्द्धन तथा त्यस्तो समुदायको सशक्तीकरणको सम्बन्धमा भइरहेका कानूनी, नीतिगत तथा संस्थागत व्यवस्थामा गर्नु पर्ने सुधारका सम्बन्धमा नेपाल सरकारलाई सुझाव दिने ।

ङ) थारू समुदायसंग सम्बन्धित नीति तथा कार्यक्रम कार्यान्वयनको समीक्षा, अनुगमन तथा मूल्यांकन गर्ने ।

च) आयोगले गरेका सिफारिस वा दिएका सुझाव कार्यान्वयनको सम्बन्धमा अनुगमन गर्ने वा गराउने ।

छ) थारू समुदायभित्र आर्थिक वा सामाजिक रूपमा पछाडि परेका व्यक्तिको विकास र सशक्तीकरणका लागि विशेष कार्यक्रम तर्जुमा गरी कार्यान्वयन गर्न नेपाल सरकार समक्ष सिफारिस गर्ने ।

ज) थारू समुदायभित्रका भाषा, लिपि, संस्कृति, इतिहास, परम्परा, साहित्य, कलाको अध्ययन अनुसन्धान गरी त्यस्तो भाषा, लिपि, संस्कृति, इतिहास, परम्परा, साहित्य, कलाको संरक्षण र विकासको लागि कार्यक्रम तर्जुमा गरी नेपाल सरकारलाई सिफारिस गर्ने ।

झ) थारू समुदायको हक हितको संरक्षण र सम्वर्द्धन तथा त्यस्तो समुदायको सशक्तीकरणको लागि चेतनामूलक कार्यक्रम सञ्चालन गर्ने ।

ञ) थारू समुदायमा विद्यमान कुरीति, अन्धविश्वास तथा सबै प्रकारको शोषणको अन्त्य गरी थारू समुदायको सशक्तीकरणको लागि कार्यक्रम तर्जुमा गरी नेपाल सरकारलाई सिफारिस गर्ने ।

ट) थारू समुदायमा रहेका परम्परागत सीप, प्रविधि र विशिष्ट ज्ञानको संरक्षण र प्रवर्द्धन गरी ब्यावसायिक प्रयोगमा ल्याउन सहयोग गर्ने ।

ठ) थारू समुदायको सम्बन्धमा नेपाल पक्ष भएको अन्तर्राष्ट्रिय सन्धि सम्झौता कार्यान्वयन

भए नभएको अनुगमन गरी नेपाल सरकारलाई कार्यान्वयनको लागि आवश्यक सिफारिस गर्ने वा सुझाब दिने ।

ड) थारू समुदायको अधिकार उल्लङ्घन गर्ने व्यक्ति वा संस्थाका विरुद्ध उजुरी सङ्कलन गरी सो उपर छानबिन तथा तहकिकात गर्न सम्बन्धित निकायमा सिफारिस गर्ने ।

ढ) थारू समुदायको पहिचानका सम्बन्धमा विस्तृत अध्ययन र अनुसन्धान गरी थर सूचीकृत गर्न नेपाल सरकारलाई सिफारिस गर्ने ।

ण) थारू समुदायको भौतिक, अभौतिक संस्कृति संरक्षण र सम्वर्द्धनका लागि जीवित संग्रहालय स्थापना र परिचालनका लागि नीति तथा कार्यक्रम तर्जुमा गर्ने र कार्यान्वयनका लागि नेपाल सरकारलाई सिफारिस गर्ने ।

त) थारू समुदायको उद्‌गम स्थलको खोज अनुसन्धान गरी त्यस्ता पुरातात्विक र ऐतिहासिक संरचना, वस्तु र स्थलहरूको संरक्षण र सम्बर्द्धन गर्न नेपाल सरकारलाई सिफारिस गर्ने ।

थ) थारू समुदायको हक हितको संरक्षण, सम्वर्द्धन र सशक्तीकरणका लागि नेपाल सरकार र अन्य संघ संस्थाहरूले सञ्चालन गर्ने चेतनामूलक कार्यक्रमहरूको समीक्षा, अनुगमन तथा मूल्याङ्कन गर्ने ।

द) आयोगका अध्यक्ष, सदस्य तथा कर्मचारीको लागि आचारसंहिता बनाई लागू गर्ने ।

ध) आयोगको वार्षिक योजना र कार्यक्रम स्वीकृत गर्ने ।

## ४. संवैधानिक व्यवस्था :

नेपालको संविधान- नेपालमा एक थारू आयोग रहने व्यवस्था (भाग २७ धारा २६३) गरिएको छ ।

## ५. कानूनी व्यवस्था :

थारू आयोग ऐन, २०७४

थारू आयोग नियमावली २०७८

थारू आयोगको बैठक कार्यविधि २०७८

आन्तरिक व्यवस्थापन निर्देशिका २०७८

थारू आयोगको आचार संहिता २०७८

*पुनश्च : उपरोक्त व्यवस्था थारु आयोगको वेबसाइटमा हेर्न सकिनेछ ।*

## ६. जनशक्तिको अवस्था:

आयोगमा हाल तपशिल बमोजिमका पदाधिकारी तथा कर्मचारीहरू कार्यरत छन् ।

**पदाधिकारी:**

| क्र.सं | पद | नाम थर | स्थायी ठेगाना | नियुक्ति मिति | सम्पर्क |
|---|---|---|---|---|---|
| १. | अध्यक्ष | मा.विष्णु प्रसाद चौधरी | बारबर्दिया न.पा.-५, बर्दिया | २०७५/१२/०७ | ९८५१२१६२७९ tharubpc@gmail.com |
| २. | सदस्य | मा.सुबोध सिंह थारू | नेपालगंज उ.न.पा.-१, बाँके | २०७७/१०/२१ | ९८५१३१३८१८ tharusubodh365@gmail.com |
| ३ | सदस्य | मा.भोलाराम चौधरी | बुढीगंगा गा.पा.- २, मोरङ्ग | २०७७/१०/२१ | ९८५१३१४११८ bholaram.chy@gmail.com |
| ४ | सदस्य | मा.डा.उमाशंकर प्रसाद चौधरी | पाल्हीनन्दन गा.पा.-६, नवलपरासी (पश्चिम) | २०७८/०३/१० | ९८५१३१७२८० uschaudhary112@gmail.com |
| ५ | सदस्य | मा.शान्ती मोदी | बुढीगंगा गा.पा.- ६, मोरङ्ग | २०७८/०३/१० | ९८५१३१७२८१ modishanti49@gmail.com |

**कर्मचारी:**

| क्र.सं | पद | श्रेणी | सेवा | समूह | दरबन्दी संख्या | पूर्ति | रिक्त |
|---|---|---|---|---|---|---|---|
| १ | सचिव | रा.प.प्रथम | नेपाल प्रशासन | सामान्य प्रशासन | १ | १ | ० |
| २ | उप सचिव | रा.प.द्वितीय | नेपाल प्रशासन | सामान्य प्रशासन | १ | २ | फाजिल १ |
| ३ | शाखा अधिकृत | रा.प.तृतीय | नेपाल प्रशासन | सामान्य प्रशासन | २ | २ | ० |
| ४ | नायब सुब्बा | रा.प. अनं. प्रथम | नेपाल प्रशासन | सामान्य प्रशासन | २ | ५ | फाजिल ३ |
| ५ | लेखापाल | रा.प. अनं.प्रथम | नेपाल प्रशासन | लेखा | १ | १ | ० |
| ६ | कम्प्युटर अपरेटर | रा.प. अनं.प्रथम | विविध | - | १ | १ | ० |
| ७ | निजी सहायक | रा.प. अनं.प्रथम | - | - | ५ (करार) | ५ (करार) | ० |

| क्र.सं | पद | श्रेणी | सेवा | समूह | दरबन्दी संख्या | पूर्ति | रिक्त |
|---|---|---|---|---|---|---|---|
| ८ | हलुका सवारी चालक | विहीन | नेपाल प्रशासन | - | २+५ (करार) | ७ (करार) | ० |
| ९ | कार्यालय सहयोगी | विहीन | नेपाल प्रशासन | - | ३+३ (करार) | ६(करार) | ० |
| **जम्मा** | | | | | | ३० | **रिक्त ० र फाजिल ४** |

## ७. उजुरीसम्बन्धी व्यवस्थाः

थारू आयोग ऐन, २०७४ को दफा ७ को उपदफा (ड) र थारू आयोग नियमावली, २०७८ को नियम ५ मा उजुरी सम्बन्धी व्यवस्था गरिएको छ।

- ऐनको दफा ७ को खण्ड (ड) बमोजिम कसैले आयोगमा उजुरी दिँदा आफै उपस्थित भई वा अन्य कुनै माध्यमबाट उजुरी दिन सक्नेछ।
- प्राप्त उजुरीको विषयमा छानबिन तथा तहकिकातको लागि आयोगले सम्बन्धित निकायमा सिफारिस गरी पठाउने व्यवस्था छ।
- उजुरी तथा गुनासोका लागि टोल फ्री नं.१६६०-०१-५७-००० मा कार्यालय समयमा सम्पर्क गर्न सकिनेछ। वा आयोगको इमेल ठेगाना info@tharucommission.gov.np वा प्रबक्ताको मोवाइल नं.९८५१३११४४५ वा सूचना अधिकारीको मोवाइल नं. ९८५१३१७२८२ मा सम्पर्क गर्न सकिनेछ।

## ८. आ.व.२०७५/७६ देखि २०७७/७८ सम्मका मुख्य गतिविधिहरू :

### ८.१ अध्ययन अनुसन्धानसम्बन्धी कार्यः

| क्र.सं | कार्यहरू | उपलब्धि |
|---|---|---|
| १ | थारू समुदायको ऐतिहासिक, सांस्कृतिक सम्पदाहरूको सूचीकरण | प्रदेश नं. २, सुदुरपश्चिम प्रदेश, कर्णाली प्रदेश र लुम्बिनी प्रदेश अन्तर्गतका थारू समुदायको भौतिक, अभौतिक, ऐतिहासिक, सांस्कृतिक, पुरातात्विक सम्पदाहरू समेटि प्रतिवेदन तयार भएको छ। |
| २ | थारू समुदायको थर सूचीकरण | यस सम्बन्धमा अध्ययन अनुसन्धान भई थर सूचीकरण प्रतिवेदन तयार भएको छ। |
| ३ | थारू समुदायको चित्रकला अध्ययन | सुदुरपश्चिम र कर्णाली प्रदेश अन्तरगतको थारू चित्रकलाको अध्ययन भई प्रतिवेदन तयार भएको छ। |
| ४ | थारू लोक गीत | लोपोन्मुख थारू लोक गीतहरूको संग्रह **थारू लोक गितके मोट्री** प्रकाशन भएको छ। |

## ८.२ चेतनामूलक तथा सशक्तीकरण सम्बन्धी कार्य:

| क्र.सं | कार्यक्रम | स्थान | सहभागी |
|---|---|---|---|
| १ | आयोगबारे जानकारी गराउने र राय तथा सुझाब संकलनसम्बन्धी छलफल तथा अन्तरक्रिया | काठमाडौं, बारबर्दिया- बर्दिया, टिकापुर- कैलाली, धनगढी- कैलाली, वीरेन्द्रनगर-सुर्खेत, बुटवल- रुपन्देही, रजहर- नवलपरासी पूर्व, रत्ननगर- चितवन, निजगढ-बारा, जनकपुर-धनुषा, इटहरी-सुनसरी, सुरुङ्गा- सप्तरी, विर्तामोड-झापा र सुनवल - नवलपरासी (पश्चिम) | पूर्व मन्त्री, संघीय संसद तथा प्रदेश सभाका मा.सदस्यहरू, पालिकाका जन प्रतिनिधीहरू, थारू कल्याण कारिणी सभाका प्रतिनिधीहरू, बुद्धिजीविहरू, पत्रकार र सरोकारवालाहरू |
| २ | प्रथाजनित कानून, सरकारी कामकाजको भाषा र स्थानीय तहको अधिकार सम्बन्धमा छलफल तथा अन्तरक्रिया | बारबर्दिया- बर्दिया र लहान- सिरहा | थारू समुदाय सम्बद्ध स्थानीय तहका प्रमुख, उपप्रमुख तथा अग्रजहरू |
| ३ | सकारात्मक सोच विषयक थारू युवा लक्षित अनुशिक्षण कार्यक्रम | शम्भुनाथ-सप्तरी, घोडाघोडी- कैलाली | विद्यालयमा अध्ययनरत थारू विद्यार्थी, शिक्षक, अभिभावकहरू र थारू युवा |
| ४ | सिकलसेल एनेमिया रोकथाम सम्बन्धी चेतनामूलक गोष्ठी | झलारी- कञ्चनपुर र कोहलपुर- बाँके | प्रदेश सभाका थारू मा.सदस्यहरू, स्थानीय तहका प्रमुख/अध्यक्ष वा प्रतिनिधी, जिसस प्रमुख/उपप्रमुख, थारू बुद्धिजीवि, था.क.स. प्रतिनिधि, विज्ञ चिकित्सक र पत्रकार |
| ५ | थारू समुदायका पत्रकारहरूको क्षमता अभिबृद्धि कार्यक्रम | लमही-दाङ्ग | कैलाली, कंचनपुर, सुर्खेत, बाँके, बर्दिया, दाङ्ग, कपिलबस्तु, रुपन्देही र नवलपरासी (पश्चिम) जिल्लाका छापा र इलेक्ट्रोनिक पत्रकारितामा कार्यरत थारू समुदायका पत्रकारहरू |
| ६ | मुक्त कमैयाको पुनर्स्थापना सम्बन्धी अन्तरक्रिया तथा छलफल कार्यक्रम | कोहलपुर- बाँके | कन्चनपुर, कैलाली, बाँके, बर्दिया र दाङ्गका भूमि सुधार तथा मालपोत कार्यालयका प्रमुख, मुक्त कमैया समाज र कमासु दिगो विकासका केन्द्रीय अध्यक्ष, र जिल्ला अध्यक्ष तथा प्रतिनिधीहरू |

| क्र.सं | कार्यक्रम | स्थान | सहभागी |
|---|---|---|---|
| ७ | थारू समुदायको प्रथा, परम्परा तथा ज्ञान, सीप र प्रविधिबारे छलफल तथा अन्तरक्रिया कार्यक्रम | सौराहा-चितवन, मणीग्राम, रुपन्देही, धनगढी-कैलाली, मिर्चैया-सिरहा र विराटनगर-मोरङ्ग | गुरुवा/भल्मन्सा, बरघर, गहदार, धामी, बैद्य तथा स्थानीय जनप्रतिनिधीहरू |
| ८ | थारू समुदायको थर सूचीकरण सम्बन्धमा एक दिवशीय छलफल तथा अन्तरक्रिया कार्यक्रम | काठमाडौं | संवैधानिक आयोगका पदाधिकारीहरू र सचिवहरू, त्रि.वि. मानव शास्त्र विभाग, केन्द्रिय तथ्यांक विभाग, थारू सम्बद्ध संघ संस्थाहरू, थारू बुद्धिजीविहरू तथा अभियन्ता र पत्रकारहरू |
| ९ | अन्तर प्रदेश अवलोकन भ्रमण | प्रदेश ५, बाग्मती प्रदेश र गण्डकी प्रदेशका पर्यटकीय, औद्योगिक, व्यावसायिक, सांकृतिक महत्वका स्थलहरू | तोकिएको मापदण्ड अनुसार पालिकाको सिफारिस अनुसार सुर्खेत र बर्दियाका सहभागी |
| १० | थारू होमस्टे संचालकहरूलाई होमस्टे व्यवस्थापनसम्बन्धी अवलोकन भ्रमण | नवलपरासी(पूर्व)को अमलटारी होमस्टे, लमजुङ्गको राइनासकोट सामुदायिक होमस्टे, चितवन जिल्लाको सौराहा | थारू सामुदायिक होमस्टेबाट एक एक जना सहभागी |
| ११ | जिङ्गल निर्माण तथा प्रशारण | थारू बसोबास भएका २४ जिल्लाको २४ एफ.एम. | सबै थारू समुदाय |

## ८.३ सिफारिस तथा सुझाबः

| क्र.सं | सिफारिसको विषय | सिफारिस गरिएको निकाय |
|---|---|---|
| १ | सातै प्रदेशका मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय र स्थानीय तहहरूमा बजेट तर्जुमा गर्दा थारू समुदायको सशक्तीकरणसम्बन्धी कार्यक्रम समावेश गर्न अनुरोध गरिएको। | ७ वटै प्रदेशका मु.म.तथा म.प.को कार्यालय र थारू बाहुल्य पालिकाहरू |
| २ | मुक्त कमैया, कम्लहरीहरूको समुचित व्यवस्थापनको बाँकी कार्य सम्पन्न हुन सिफारिस गरी पठाईएको छ। | संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालय मार्फत नेपाल सरकार र भूमि व्यवस्था, सहकारी तथा गरिबी निवारण मन्त्रालय |
| ३. | आयोगको राय, परामर्श, सुझाव बिना राना थारू समुदायलाई छुट्टै सूचीकरण गर्ने गरी निर्णय हुँदा समग्र थारू समुदायको दीर्घकालीन हक हितमा नकारात्मक असर पर्न जाने देखिंदा त्यस्तो निर्णय सच्याई यथास्थितिमा नै राखी दिन २ (दुई) पटक सिफारिस गरी पठाईएको छ। | संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालय मार्फत नेपाल सरकार |
| ४. | थारू समुदायको छुट्टै समूहमा आरक्षणको व्यवस्था गरी जनसंख्याको आधारमा आरक्षण प्रतिशत तोकी राज्यका हरेक क्षेत्रमा थारू समुदायलाई समानुपातिक समावेशीताको व्यवस्था गर्नका लागि २(दुई) पटक सिफारिस गरिएको छ। | संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालय मार्फत नेपाल सरकार |
| ५ | नेपाल सरकारको नीति तथा कार्यक्रममा निम्न विषय समावेश गर्न सिफारिस भएको छ।<br>● सिकल सेल एनेमिया रोगको उपचार र रोकथामका लागि एकीकृत नीति तर्जुमा गरी विशेष कार्यक्रम सञ्चालन गर्न।<br>● थारू गुरौ/गुरुवा र वैद्यहरूको परम्परागत ज्ञान र सीपको संरक्षण गरी स्थानीय वैकल्पिक उपचार पद्धतिको विकास गर्न।<br>● थारू बाहुल्य क्षेत्रमा आधारभूत तहसम्म थारू भाषामा शिक्षाको व्यवस्था गर्न<br>● थारू साहित्य, कला, संस्कृतिको संरक्षण गर्न।<br>● मुक्त कमैया कम्लहरीको व्यवस्थापनको बाँकी कार्य सम्पन्न गर्न।<br>● थारू विद्यार्थीहरूलाई सबै संकायका उच्च तहहरूमा अध्ययनका लागि छात्रवृत्तिको व्यवस्था गर्न। | प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय |
| ६ | संघीय संसदमा पेश भएको प्रस्तावित संघीय निजामती सेवा सम्बन्धी विधेयकमा थारू समुदायको आरक्षण प्रतिशत न्यून रहन गएकोले उक्त विधेयकमा थारू समूहको पदपूर्ति प्रतिशत थारू समुदायको जनसंख्या र प्रतिनिधी सभा निर्वाचन ऐन, २०७४ बमोजिम कायम गर्नुपर्ने। | संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालय मार्फत नेपाल सरकार |

| क्र.सं | सिफारिसको विषय | सिफारिस गरिएको निकाय |
|---|---|---|
| ७ | • कोभिड १९ ले थारू समुदायमा पारेको असर तथा प्रभाव बारे ग्रामीण तहसम्म पहुँच भएको रेडियो र टेलिभिजनमार्फत थारू मातृभाषामा पनि लोककल्याणकारी सूचना प्रशारण गर्ने<br>• कोभिड १९ रोकथाम गर्न स्थानीय भल्मन्सा, बरघर, महताँवा, गुरौ, गहदारहरू मार्फत जनचेतनामुलक कार्य गर्न र जिल्ला कोभिड व्यवस्थापन समितिको निर्णय प्रकृयामा थारू प्रतिनिधीहरूको सहभागिता गराई कार्यान्वयन गर्ने<br>• कोरोना विरूद्धको खोप, उपचार र परीक्षणमा विपन्न, बृद्ध, दीर्घ रोगी र असहाय सिमान्तकृत बर्गको पहुँच बढाउने<br>• कोभिड १९ का कारण दैनिक ज्याला मजदुरी गरी जीवन निर्बाह गर्ने श्रमिक बर्गको रोजगार गुम्न गएको हुँदा यस्ता व्यक्ति तथा परिवारहरूको पहिचान गरी यथाशिघ्र राहत उपलब्ध गराउने<br>• कोभिड १९ को अवस्थामा दीर्घ रोगी एवं थारू समुदायमा रहेको सिकल सेल एनेमिया रोगको उपचारमा विशेष व्यवस्था गर्ने।<br>• कोरोना रोगको उपचारमा रहेका, उपचार पश्चात घरमै रहेका र होम आइसोलेशनमा रहेका एवं रोगका कारण परिवारका सदस्य गुमाएका व्यक्तिहरूमा मनोसामाजिक परामर्श उपलब्ध गराउने<br>• थारू समुदायका कृषि पेशामा आवद्ध कृषकहरूलाई आवश्यक कृषि सामाग्रीको सहज उपलब्धता गराउने | संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालय मार्फत नेपाल सरकार |

# अनुसूची : १

## थारू समुदायको जनसंख्या विवरण

थारू समुदायको जनसंख्या र मातृभाषी संख्या

| सि. नं | प्रदेश | जम्मा जनसंख्या | जम्मा थारू जनसंख्या | थारू मातृभाषी संख्या | कैफियत |
|---|---|---|---|---|---|
| १ | प्रदेश नं १ | ४५३४९४३ | १८८३५६ | १७७७८९ | नवलपरासी पूर्व र पश्चिम दुवै जिल्लाका थारू मातृभाषी संख्या ६२९३९ लाई केन्द्रीय तथ्यांक विभाग अनुसार दुवै जिल्लाको थारू जनसंख्याको प्रतिशतको आधारमा थारू मातृभाषी संख्या कायम गरिएको र रुकुम पूर्वमा थारू जनसंख्या नदेखिएकोले थारू मातृभाषी संख्या रुकुम पश्चिममा राखिएको |
| २ | प्रदेश नं २ | ५४०४१४५ | २८४६१६ | २०३५७५ | |
| ३ | बाग्मती | ५५२९४५२ | ९१८९९ | ७४२७९ | |
| ४ | गण्डकी | २४०३७५७ | ४१४०० | २५८०२ | |
| ५ | लुम्बिनी | ४४९९२७२ | ६८४०७६ | ६०७४८८ | |
| ६ | कर्णाली | १५७०४१८ | ७८५६ | ६६३८ | |
| ७ | सुदुर पश्चिम | २५५२५१७ | ४३९२६७ | ४३४३०४ | |
| | जम्मा | २६४९४५०४ | १७३७४७० | १५२९८७५ | |

*स्रोत : केन्द्रीय तथ्यांक विभाग, काठमाडौं*
*राष्ट्रिय जनगणना २०६८*






प्रकाशक

थारू आयोग


काठमाडौं-२९, अनामनगर, नेपाल
टेलिफोन नं.: ०१-५७०५११८/५७०५११९
टोल फ्रि नं.: १६६०-०१-५७-०००
इमेल: info@tharucommission.gov.np
वेबसाइट: www.tharucommission.gov.np


प्रकाशन सहयोगी

JuRI-Nepal


न्याय तथा अधिकार संस्था (जुरी नेपाल)
ज्वागल, ललितपुर
फोन नं.: ०१-५५३८९०९ /५५३८९१०
Email : jurinepal@gmail.com
Website: www. jurinepal.org.np